क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः २४९, २०८२ फागुन ०६ गते बुधबार (18 Feb., 2026) -मूल्यः रु. १०/-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

दैनिक

**निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण**

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन।
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स-एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन।
- निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन।
- निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन।

नेपाल सरकार
विज्ञापन बोर्ड

## अछाम पुगे मजदुरी गर्न भारतीय युवा

**-पश्चिम नेपाल संवाददाता**
**अछाम, ०५ फागुन**

यहाँका युवा कामको खोजीमा भारत जाने प्रचलन जस्तै छ। पछिल्लो समय अछाममा एउटा फरक दृश्य देखिन थालेको छ। भारतका युवा नै काम खोज्दै अछाम आइपुग्ने गरेका छन्।

एकातिर भारतबाट आएका मजदुरले विकास निर्माणका कामलाई गति दिएका छन् भने अर्कोतर्फ अछामकै धेरै युवा अझै पनि रोजगारीका लागि भारतमै निर्भर छन्।

यस वर्ष पनि भारतको आर्या जिल्लास्थित धुर्नाबाट करिब ४० जना अछाम आएर काम गरि रहेका छन्। उनीहरू यहाँ ग्याबिन जाली बुन्ने काममा संलग्न छन्।

तटबन्ध, पर्खाल, सडक जस्ता संरचनामा प्रयोग हुने ग्याबिन जाली उनीहरूले स्थानीय ठेकेदारमार्फत विभिन्न ठाउँमा तयार गरिरहेका छन्। यतिबेला उनीहरु मंगलसेन र साँफेबगरमा काम गरिरहेका छन्।

भारतको धुर्नाका २२ वर्षीय समी अख्तारले मंगलसेनमा ग्याबिन बुन्ने कामको ठेक्का लिएका छन्। उनका बुवा करिब ४० वर्षअघि जाली बुन्ने काम खोज्दै अछाम आइपुगेका थिए। सानै उमेरमा बुवासँगै अछाम आएका समीले पनि सोही सीप सिके। पहिले बुवाले गर्ने कामको ठेक्का अहिले उनले लिने गरेका छन्।

अछाममा जाली बुन्ने काम धेरै पाइने र आम्दानी पनि राम्रै हुने भएपछि आफ्नै गाउँका युवालाई अछाम ल्याएको उनले बताए। 'एक सिजनमा स्थानीय ठेकेदारहरुबाट १५ करोडसम्मको ठेक्का लिन्छौं। एक जाली बुनेबापत ३ देखि ४ सय ज्याला कामदारले पाउँछन्,' समीले भने,'हामी



प्रायः राति काम गर्छौं , दिउँसो सुत्छौं। आम्दानी पनि राम्रै छ। सिजनमा मासिक एक लाख बढी कमाइ हुन्छ।'

२८ वर्षीय सेराज आलम पनि भारतबाट कामको सिलसिलामा अछाम आइपुगेका छन्। 'जाली बुन्ने सीप छ। हाम्रो गाउँमा काम खासै पाइएन। यो ठाउँमा भने जाली बुन्ने स्थानीय देखिएनन्।

यो त हाम्रा लागि पनि अवसर हो,' सेराजले भने, 'भारतबाट काम गर्न आएका छौं भन्दा धेरैले अचम्म मान्छन्।

यहाँका धेरै युवा भारत जाने, उताबाट हामी यता काम गर्न आयौं। सीप भए जता पनि काम गर्न सकिन्छ। सिमानाले फरक पार्दैन।' समयमै पारिश्रामिक पाउने भएकाले पनि काम गर्न सहज भएको टोलीका अर्का सदस्य ३० वर्षीय सैकात अलीले बताए।

'पहिले साथीहरू आए, काम पाएपछि हामीलाई पनि बोलाए। यहाँ काम नियमित हुन्छ। ज्याला पनि समयमै पाइन्छ,' उनले भने, 'त्यसैले हरेक वर्ष यही सिजनमा आउन थाल्यौं।'

उनका अनुसार करिब १० वर्षअघि केही व्यक्तिबाट सुरु भएको यो श्रम यात्रा अहिले समूहगत बनेको छ। हरेक वर्ष दर्जनौं भारतीय

-बाँकी समाचार पृष्ठ २ मा

## शुक्लाफाँटामा निर्वाचन लगत्तै बाघ गणना



**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ०५ फागुन**

प्रतिनिधिसभा सदस्य निर्वाचन लगत्तै शुक्लाफाँटा निकुञ्ज र आरपास क्षेत्रमा बाघ गणना गरिने भएको छ। राष्ट्रिय बाघ सर्वेक्षण स्थलगत कार्यदलको मंगलबार बसेको बैठकले निर्वाचन लगत्तै बाघ गणना गर्ने निर्णय गरेको हो।

निकुञ्ज कर्मचारी समेत निर्वाचन कार्यमा खटिने भएकाले बाघ गणना चुनावपछि गर्ने निर्णय भएको वरिष्ठ संरक्षण अधिकृत चन्द्रशेखर चौधरीले बताए। 'निर्वाचन र बाघ गणना एकै समय परेकाले पछाडि सारिएको हो,' उनले भने, 'कर्मचारी निर्वाचनमा खटिने भएकाले जनशक्ति अभाव हुने देखिन्छ।'

राष्ट्रिय बाघ गणना अन्तर्गत शुक्लाफाँटासंगै लालझाडी-मोहना संरक्षित क्षेत्र र डडेलधुराको जोगबुडामा स्वचालित क्यामेरा जडान गरिने छन्। शुक्लाफाँटा-लालझाडी-जोगबुडा कम्प्लेक्स नामकरण गरिएको क्षेत्रलाई २ गुणा २ किलोमिटर का २ सय ६० ग्रीडमा विभाजन गरिएको छ। बाघ विचरण गर्ने सम्भावित क्षेत्रको पहिचान गरेर हरेक ग्रीडमा एक जोडी स्वचालित क्यामेरा जडान गरिनेछ।

सन २०२२ को गणनामा पनि यिनै क्षेत्रमा क्यामेरा जडान गरिएको थियो। त्यतिबेला लालझाडी र जोगबुडामा बाघ देखिएको थियो। उक्त गणनामा यस कम्प्लेक्समा ३६ वयस्क बाघ रहेको तथ्यांक सार्वजनिक गरिएको थियो। क्यामेरामा कैद भएका १६ पोथी र १२ भाले सहित २८ र विश्लेषणका आधारमा ८ गरि ३६ वयस्क बाघ रहेको सार्वजनिक गरिएको थियो।

शुक्लाफाँटामा हरेक वर्ष बाघ गणना गरिँदैं आएको छ। चोरी शिकार हुने जोखिम भएका क्षेत्रमा गणना गरिँदैं आएको हो। गत वर्ष गरिएको गणना अनुसार बाघको संख्या ४३ पुगेको छ।









महेन्द्रनगरमा सुपथ मुल्यमा स्वादिलो खाना र आरामदायी बसाईका लागि हामीलाई सम्झनुहोस् !
रारा होटल एण्ड लज, गल्ली नं. ४ फोन नं. ९८०९४९४७७४

### टी-२० विश्वकप :

# दीपेन्द्रको अर्धशतकमा १२ वर्षपछि नेपालको जित

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, ०५ फागुन**

नेपालले आईसीसी टी-२० विश्वकप २०२६ अन्तर्गत स्कटल्याण्डलाई ७ विकेटले पराजित गर्दै १२ वर्षपछि विश्वकपमा पहिलो जित हात पारेको छ। दीपेन्द्र सिंह ऐरीले लगातार दोस्रो अर्धशतक प्रहार गर्दै नेपाललाई १९.२ ओभरमा ३ विकेट गुमाएर १७१ रनको लक्ष्य पूरा गर्न मद्दत गरे । स्कटल्याण्डले ७ विकेट गुमाएर १७० रन बनाएकोमा सोमपाल कामीले ४ ओभरमा २५ रन खर्चेर ३ विकेट लिएर नेपाललाई बलिङमा सहयोग पुऱ्याए ।

दीपेन्द्र सिंह ऐरीको आक्रमक अर्धशतकमा नेपालले आईसीसी टी-२० विश्वकप २०२६ अन्तर्गत आफ्नो चौथो खेलमा स्कटल्याण्डलाई ७ विकेटले पराजित गर्दै १२ वर्षपछि विश्वकपमा पहिलो जित हात पारेको हो। मुम्बईको वानखेडे मैदानमा स्कटल्याण्डलाई हराउँदै यस विश्वकपमा सान्त्वना जित निकालेको नेपालले सन् २०१४ पछि टी२० विश्वकपमा पहिलो खेल जितेको हो। सन् २०१४ मा बंगलादेशमा विश्वकपमा डेब्यु गर्दा हङकङ र हफगानिस्तानलाई पराजित गरेको नेपालले त्यसयता ६ खेलमा हार व्यहोरेको थियो । यस पटक सुपर एट पुग्ने लक्ष्य राखेको नेपालले इंग्ल्यान्ड, इटली र वेस्ट इन्डिजसँगको खेल गुमाएपछि समूह चरणबाटै बाहिरिसकेको थियो। तर प्रतिष्ठाको लागि भएको अन्तिम खेलमा नेपालले जितसहित सुखद रुपमा अन्त्य गरेको हो । स्कटल्याण्डले दिएको १७१ रनको लक्ष्य नेपालले १९.२ ओभरमा ३ विकेट गुमाएर पूरा गरेको हो। नेपालको जितमा दीपेन्द्रले अर्धशतक प्रहार गरे। यस्तै कुशल भुर्तेलले ४३ र आसिफ शेखले ३३ रन योगदान गरे । नेपालका लागि ओपनरद्वय कुशल भुर्तेल र आसिफ शेखले पावर प्लेमै ५६ रनको साझेदारी गर्दै नेपाललाई सानदार सुरुवात दिलाएका थिए। यस संस्करणमा नेपालको पावर प्लेमा यो सबैभन्दा उच्च स्कोर हो। यसअघि पहिलो खेलमा इंग्ल्याण्ड विरुद्ध नेपालले पावर प्लेमा ४७/२ रन बनाएको थियो ।

पहिलो विकेटका लागि कुशल भुर्तेल र आसिफले ९.१ ओभरमा ७४ रनको साझेदारी गरे । तर अर्धशतक नजिक पुगेका भुर्तेललाई माइकल लिस्कले टम ब्रुसबाट क्याचआउट गर एएपछि नेपालको रनगतिमा केही अंकुश लागेको थियो। आसिफ र कप्तान रोहितले नेपालको इनिङ्स सम्हाल्ने प्रयास गरेपनि लिस्कले लगातार विकेट लिँदै नेपाललाई दबाबमा राखेका थिए। अर्का ओपनर आसिफ पनि १२औं ओभरमा लिक्सकै बलमा आउट भए। आसिफले २७ बलमा २ छक्का प्रहार गरी ३३ रन जोडे । लिस्कले आफ् तेस्रो ओभरमा नेपालका कप्तान रोहित पौडेल (१६) लाई माइकल जोन्सबाट क्याचआउट गराउँदै तेस्रो सफलता दिलाए ।

९८-३ को अवस्थाबाट उपकप्तान दीपेन्द्र सिंह ऐरी र पाँचौ नम्बरमा प्रमोट भएका गुल्सन झा मिलेर नेपालको इनिङ्स अघि बढाएका थिए । आक्रमक ब्याटिङ गरेका दीपेन्द्रलाई गुल्सनले राम्रो साथ दिएका थिए। दीपेन्द्रले १६औं ओभरमा लिस्कलाई २ छक्का र १ चौका प्रहार गरेपछि नेपालले एकै ओभरमा २० रन जोडेको थियो । दीपेन्द्रले अन्तिम ओभरमा २३ बलमा ४ चौका र ३ छक्का प्रहार गर्दै जारी विश्वकपमा लगातार दोस्रो अर्धशतक प्रहार गरेका हुन्। यसअघि उनले

**–बाँकी समाचार पृष्ठ ३ मा**

# निर्वाचनको माहोलसँगै घन्कन थाल्यो दमाहा बाजा

**–पश्चिम नेपाल संवाददाता**
**बाजुरा, ०५ फागुन**



बाजुराका विभिन्न गाउँ बस्तीको घरदैलोमा झुन्ड्याएर राखिएको दमाहा बाजा प्रगोगमा आउन थालेका छन् ।

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य पदको निर्वाचनमा यहाँका उम्मेदवारहरू घरदैलो कार्यक्रममा गाउँ बस्तीमा गएसँगै लामो समयदेखि घरमा थन्किएका दमाहा बाजा प्रयोगमा आएको हो ।

यती बेला बाजुरामा चुनावी प्रचारप्रसारको निकै रौनकता छाएको छ । चुनावी अभियानमा गाउँमा आउने उम्मेदवारहरूलाई यही दमाहा बाजाले स्वागत गर्ने गरेपछि गाउँका दमाहा बाजाको पनि प्रयोग हुने गरेको स्थानीय बताउँछन् ।

त्रिवेणी नगरपालिका नरी नेपालीले जिल्लाका विभिन्न गाउँ बस्तीमा उम्मेदवारहरूले आफ्नो घरदैलो कार्यक्रममा सुरु गरेकाकाले गाउँ बस्तीमा पुगेपछि स्वागतका लागि आफुहरूको बाजाको पनि प्रयोग हुने गरेको बताए। उनले भने “पहिला माघ फागनुमा विवाह र दशैंमा दमाहा बाजा बजाउने गरिन्थ्यो । अहिले प्राय विवाह हुँदैनन्, भएपनि सहरको ब्यान्ड बाजा ल्याउने गर्छन् । ”

यसरी गाउँमा ब्यान्ड बाजा ल्याएर बजाउने थालेपछि हाम्रो पुस्तौले जिविकोपार्जनका लागि प्रयोगमा ल्याएको यो दमाहा बाजा लोप हुने चिन्ता छ । लामो समयदेखि प्रयोगमा नआएको दमाहा बाजा यति बेला चुनावी माहोल तात्तिँदै गएपछि उम्मेदवारहरूको स्वागतका लागि प्रयोगमा हुने गरेको नेपालीले बताए । गाउँमा उम्मेदवारहरू आउँदा उनिहरुलाई स्वागतका लागि दमाहा बाजा बजाउने गरे सँगै अहिले यहाँका अधिकाशं गाउँ बस्ती दमाहा बाजाले गुञ्जयमान हुने गरेका छन् । त्रिवेणी नगरपालिका-२ का अर्का स्थानीय हीरा नेपालीले गाउँमा उम्मेदवार आउँदा दमाहा बाजा बजाउँनका लागि पहिला आफुलाई खबर आउने गरेको बताए । उनले भने, “हामीले उम्मेदवार आउँदा उनीहरूलाई स्वागतका लागि दमाहा बाजा बजाउने गर्छौं। उहाँहरूले पनि हामीलाई सो बाजा बजाएबापत रुपियाँ दिनुहुन्छ ।” दमाहा बनाएर घरमा त्यसै राख्ने गरेका थियौं। चुनावी सगर्मी बढसँगै हाम्रो दमाहा बाजाको पनि प्रयोग हुने गरेको छ । निर्वाचन नसकिउन्जेल सम्म यो बाजा प्रयोग हुन्छ ।

अहिले सबै उम्मेदवारहरू गाउँमा आउँदा स्वागतका लागि बजाउने गरेको यो बाजा पछि जितेका उम्मेदवारहरूको विजयी जुलुसमा मात्र प्रयोग हुने नेपालीले बताए। त्रिवेणी नगरपालिका दलित नेटवर्क अध्यक्ष वीरबहादुर विकले पहिला गाउँ बस्तीमा विवाह हुँदा जामा लगाएर बजाइने गरेको दमाहा बाजा अहिले गाउँमा उम्मेदवारहरू आउँदा बजाउने गरेको बताए। उनले भने, “अहिले अधिकांश बाजा बजाउनेलाई केही रोजगारीको अवसर समेत मिलेको छ। उनीहरुले थोरै दिनमा भएपनि बाजा बजाउने असर पाउँदा निकै खुसी छन् । आफ्नो सीपलाई प्रयोगमा ल्याउन पाउँदा उनीहरू खुसी हुने भएका हुन् ।”

दमाहा बाजा प्राय नेपाली दमाई दास नगार्जीले बजाउने विवाह दशैं पाटी पौवामा बजाउने गर्छन्। उनीहरूका लागि यो दमाहा बाजा कमाइ खाने भाँडो पनि हो। यहाँ यो बाजा लोप हुँदै जाने अवस्था थियो । गत वर्ष उनिहरुले यो बाजालाई संरक्षण हुने गरी केही पालिकादेखि रकम माग गरेका थिए। अहिले यहाँका स्थानीयले बाजा नयाँ बनाएर गाउँ बस्तीका विभिन्न कार्यक्रममा बजाउने गरेको विकले बताए ।

# अछाम पुगे मजदुरी...

युवा अछाम आइपुग्छन् र केही महिना बसेर काम गरेर फर्किन्छन् ।

२८ वर्षीय नारक आलमको जीवन सरल छैन । भारतमा रहेको परिवारका लागि काम गर्ने उनलाई गाउँमा स्थायी आम्दानीको स्रोत थिएन । चार छोराछोरी र श्रीमतीको जिम्मेवारी बोकेर उनी साथीहरूको सल्लाहमा अछाम आएका थिए । यहाँ उनले ग्याबिन जाली बुन्ने काम पाए । ‘घरमा चार बच्चा र श्रीमती छन् । खेती मात्रै गरेर पुग्दैन,’ नारक भन्छन्, ‘यहाँ काम पाइयो, त्यसैले यहीँ बसेर काम गरिरहेको छु ।’

अछाममा काम नियमित भएको र पारिश्रमिक समयमै पाइने भएकाले उनी र साथीहरूलाई कमाइ चलाउन सहज भएको छ । ‘यी हातले बुनेको जाली, अछामका सडक र भवन मात्र होइन, हाम्रा बच्चाको भविष्य पनि जोडिरहेको छ,’ उनले भने, ‘यही सीप र मिहनेतले परिवारको चुलो बलिरहेको छ ।’

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
- महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं।

**निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं।**

भीमदत्त नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुर

**लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समुहको साथमा विशेषज्ञ सेवा**

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेको जानकारी गराउँदछौं ।

डा. केशव भट्ट
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. शक्ति नृसिंह यादव
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

डा. प्रशान्त भट्ट
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

डा. शोमनाथ भण्डारी
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

डा. र्निमल अमर सिंह थापा
MBBS, MS (General Surgeon)
हड्डीशिल, हर्निया, बवासिर, पेट रोग विशेषज्ञ

**लाईफ केयर क्लिनिक**

099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath

**‘सिचाइमा सुधार, कृषि र समृद्धिको आधार’**

कृषिको आधार : सिंचाइमा सुधार। सिंचाइ गरौं : उत्पादन बढाऔं। सिंचाइ क्षेत्रको विस्तार : उत्पादन वृद्धिको आधार। सिंचाइ प्रणालीहरुको निर्माण, मर्मत सम्भार एवं व्यवस्थापनमा सक्रिय जनसहभागिता गरौं। व्यवसायिक कृषिको प्रमुख आधार बाह्रै महिना सिंचाए सुविधा पुग्ने गरी सिंचाइ पूर्वाधारहरुको विकास र विस्तार।

**सिंचाइ तथा नदी व्यवस्थापन योजना, पाटन, बैतडी**

**छानको बालुवा र गिट्टी चाहिएमा ।**



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस ।

हाम्रा उत्पादनहरु
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural

**सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग**
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१९०७८, ९८५८७५००९८, ९८४८८७८६७७

# पुराना ठेक्का नटुंगिँदा सरकार आर्थिक दबाबमा




**–पश्चिम नेपाल संवाददाता**
**कैलाली, ०५ फागुन**

सुदूरपश्चिम प्रदेशमा सडक र पुलका १४५ वटा आयोजना बहुवर्षीय ठेक्कामा अल्झिएका छन् ।

२० अर्ब ८ करोडभन्दा बढी लागत अनुमान गरिएका यी आयोजना १४ अर्ब ३६ करोड रुपैयाँमा ठेक्का लगाइए पनि ठूलो संख्यामा समयमै सम्पन्न भएका छैनन् ।

प्रदेश सरकारका अनुसार ३९ वटा ठेक्का जीर्ण भइसकेका छन् भने २८ वटा आयोजनाको म्याद पटक-पटक थपिएको छ ।

तीमध्ये पाँच वटा ठेक्का प्रदेश स्थापना हुनुअघि संघीय सरकारले लगाएका हुन्, जसलाई हाल प्रदेश सरकारले संघीय सशर्त अनुदानबाट सञ्चालन गरिरहेको छ । समयमै आयोजना सम्पन्न नहुँदा प्रदेश सरकारमाथि आर्थिक दायित्व थपिँदै गएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका अनुसार आगामी आर्थिक वर्षमा बहुवर्षीय ठेक्काको दायित्व २ अर्ब ३ करोड रुपैयाँ नाघेको छ ।

चालु आर्थिक वर्षमा बहुवर्षीय आयोजनाका लागि १ अर्ब ४५ लाख रुपैयाँ मात्र विनियोजन गरिएको छ ।

मन्त्रालयका अनुसार बहुवर्षीय ठेक्काअन्तर्गत हालसम्म ११ अर्ब ३३ करोड रुपैयाँ खर्च भइसकेको छ । पुराना ठेक्का समयमा सम्पन्न नहुँदा नयाँ आयोजना अघि बढाउन नसक्ने अवस्था आएको र मन्त्रालयको ठूलो बजेट पुरानै ठेक्काको भुक्तानीमा खर्चिनु परेको जनाइएको छ ।

# दीपेन्द्रको अर्धशतकमा १२ वर्षपछि...

वेस्ट इन्डिज विरुद्ध अर्धशतक प्रहार गरेका थिए । टी२० विश्वकपमा लगातार अर्धशतक हान्ने उनी पहिलो नेपाली खेलाडी बने । यस्तै गुल्सन झाले अविजित २४ रन बनाए । १७ बल खेल्दै उनले १ चौका र २ छक्का प्रहार गरे ।

मुम्बईस्थित वानखेडे स्टेडियममा नेपालले टस जितेर बलिङ रोजेपछि पहिले ब्याटिङ गरेको स्कटल्याण्डले ओपनर माइकल जोन्सको अर्धशतकमा ७ विकेट गुमाएर १७० रन बनाएको थियो । स्कटल्यान्डका लागि ओपनर माइकल जोन्सले सर्वाधिक ७१ रन बनाए । यस्तै जर्ज मुन्सेले २७ र ब्राण्डन म्याकमुलेनले २५ रन जोडे । नेपालका सोमपाल कामीले ३ र नन्दन यादवले २ विकेट लिए ।

पहिलो १० ओभरमा १ विकेट मात्र गुमाएर ८० रन बनाएको स्कटल्यान्डले त्यसपछि १० ओभर मा ९० रन जोड्दा ६ विकेट गुमाएको थियो । सुरुवाती १० ओभरमा स्कटिङ ब्याटरले नेपाली बलरमाथि डोमिनेट गरेपनि पहिलो विकेट लिएपछि भने नेपालले खेलमा केही दबाब सिर्जना गरेको थियो । १० ओभरपछि भने खेलमा नेपालले डोमिनेट गरेको थियो । ओपनरद्वय माइकल जोन्स र जर्ज मुन्सेले पहिलो विकेटका लागि ८० रनको साझेदारी गर्दै स्कटल्यान्डका लागि राम्रो सुरुवात दिलाएका थिए । नेपालका लागि चार बलरले विकेट लिन नसकेपछि कप्तान रोहित पौडेलले आफैँ बलिङ गर्दै ब्रेक थ्रो दिलाएका थिए । आठौं ओभरमा आएका रोहितले ६ रन दिएका थिए भने दशौँ ओभरको अन्तिम बलमा ओपनर जर्ज मुन्सेलाई सन्दिप जोराबाट क्याचआउट गराएका थिए । मुन्सेले २९ बल खेल्दै ४ चौका मदतमा २७ रन बनाए । दोस्रो विकेटका लागि पनि माइकल जोन्सले ब्राण्ड म्याकुमलेनसँग अर्धशतकिय (५२ रन) साझेदारी गरे ।

### डेथ ओभरमा नेपालको कमाल

अन्तिम पाँच ओभरमा नेपाली बलरले लगातार विकेट लिँदै स्कटल्यान्ड दबाबमा राख्यो । सोमपालले एक ओभरमा दुई विकेट लिएपछि नेपालले हरेक ओभरमा विकेट लिएको थियो । नेपालले अन्तिम ओभर ओभरमा ६ विकेट लिँदा ३९ रन मात्र खर्चेको थियो । यस विश्वकपमा डेथ ओभरमा नेपालको यो उत्कृष्ट बलिङ हो ।


१६ औं ओभरमा दोस्रो स्पेल लिएर आएका सोमपालले एकै ओभरमा दुई विकेट लिए । उनले अर्धशतक बनाएर अघि बढिरहेका माइकल जोन्सलाई १६औं ओभरको दोस्रो बलमा बोल्ड गरे भने त्यसपछि चौथो बलमा म्याकमुलेनलाई कट एण्ड बोल्ड गरे । म्याकुलमलाई १५ रन हुँदा सन्दिप जोराले क्याच ड्रप गरेका थिए । तर सोमपालले भने आफ्नै बलिङमा विकेट लिए ।


यो दुई विकेट पछि सोमपाल टी २० विश्वकपमा नेपालका लागि सर्वाधिक (९) विकेट लिने खेलाडी बने । यसअघि दीपेन्द्र सिंह ऐरी ८ विकेटसहित अघि थिए । १७औं ओभरको अन्तिम बलमा कुशल भुर्तेलले स्कटिस कप्तान रिची बेरिङटनलाई सन्दिप जोराबाट क्याचआउट गराए । बेरिङटनले ६ बलमा १० रन बनाएर आउट भए ।

१८ औं ओभरमा नन्दन यादवले म्याथ्यु क्रस (४ रन) लाई बोल्ड गरे । सोमपालले १९औं ओभर को चौथो बलमा टम ब्रुस (५) लाई बोल्ड गर्दै व्यक्तिगत तेस्रो र टिमको छैटौं सफलता दिलाए । नन्दनले २०औं ओभरमा माइकल लिस्कलाई आउट गर्दै व्यक्तिगत दोस्रो विकेट लिए । मार्क वाटले ४ बलमा १ छक्का प्रहार गर्दै अविजित १० रन जोडे । बलिङमा नेपालका लागि सोमपाल कामीले ४ ओभरमा २५ रन खर्चेर सर्वाधिक ३ विकेट लिए । नन्दन यादवले २ तथा कप्तान रोहित पौडेल र कुशल भुर्तेलले १-१ विकेट लिए ।

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

नवजात शिशु एवं बाल रोग विशेषज्ञ डाक्टर नरेश कुमार भेटिने एक मात्र स्थान ।




विशेषज्ञ डाक्टरहरु सौजन्य मेडिकलमा

डा. रवि स्वार
M.B.B.S., M.S., (E.N.T.)
बरिष्ट नाक, कान, घाटी रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो शनिबार

डा. सुमित पाण्डेय
M.D. डर्मा, बरिष्ठ छाला, यौन तथा सौन्दर्य विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज
प्रत्येक महिनाको पहिलो शनिबार

डा. मोहन बेलबासे
M.D. साइकेट्रिक, बरिष्ठ मानसिक नशारोग विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल
प्रत्येक महिनाको दोस्रो शनिबार

डा. निराजन दत्त शर्मा
M.D.-1020 NMC
पेट छाति तथा मुटु रोग विशेषज्ञ, पुर्व कार्यरत ग्राण्डी ईन्टरनेशनल हस्पिटल काठमाण्डौ
प्रत्येक महिनाको अन्तिम शनिबार

डा. धर्मनाथ यादव
M.D. (कार्डियोलोजी) इन्टरभेसनल कार्डियोलोजी (मेदान्त अस्पताल), वरिष्ठ मुटुरोग विशेषज्ञ शहीद गंगालाल हृदयरोग केन्द्र, काठमाडौं
हरेक महिना तेस्रो शुक्रबार र शनिबार

सुविधाहरू: TMT अल्ट्रासाउन्ड, इको कार्डियोग्राफी, डिजिटल, ई.सी.जी., एक्स-रे, कानको सुनाई परीक्षण, घाँटीको इन्डोस्कोपी छालाको जाँच, ल्याब सुविधातथा औषधीहरु आदि।

सम्पर्क स्थान: सौजन्य मेडिकल तथा क्लिनिक
गल्ली नं. ३ (पुरानो पाटनी मेडिकल), महेन्द्रनगर, कञ्चनपुर, फोन: ०९९-५२२६६६, ५२३४३५

# के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि ।
-तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ । -पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracking गर्न सकिन्छ ।
-साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।

जिल्ला हुलाक कार्यालय कञ्चनपुर



**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

# डा. अर्जुन भट्ट

(MBBS, MD GP) *NMC No. 11978*

*महाकाली अस्पतालका कन्सल्टेन्ट फेमली फिजिसियन* (पेट छाति, मुटु दम, हाडजोर्नी, नसा मृगौला तथा थाईराईड रोग विशेषज्ञद्वारा नियमित चेकजाँच गराईनुका साथै हाइड्रोसिल हर्निया, एपेन्डिक्स, पाईल्स सम्बन्धि उपचार तथा विभिन्न प्रकारका भेक्सिन (निमोनिया, टिटनस, रेविज, हेपटाईटिस बी आदि) को सुविधा प्रदान गरिन्छ । **विशेष: जेष्ठ नागरिक (७० वर्ष भन्दा माथि) लाई परामर्श शुल्कमा ३३% छुटको सुविधा छ । डा. आउने समय : प्रत्येक दिन विहान : ७ बजेदेखि ९:३० बजेसम्म र बेलुका: ३ बजेदेखि ८ बजेसम्म**

## स्थान: सौभाग्य मेडिको

अस्पताल गेट महेन्द्रनगर, फोन ९८४८७२०२५८, ९८४८७२५११४



EMERGENCY 24 HOUR SERVICE

# आनन्द हस्पिटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

ANAND HOSPITAL & RESEARCH CENTRE

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**



## डा. भावेश

M.B.B.S.,M.D.(Medicine) Physician
Fellowship in Echocardiology
Fellowship in Diabetes &
Endrocrinologyu, (जनरल मेडिसिन)

**हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ**
***मुटु रोगको सम्पूर्ण सफल उपचार***

**उपचार हुने रोग वा समस्याहरू** : सुगर, ब्लड प्रेसर, थकाइ लाग्नु, शरिर फुस्रो हुनु, धेरै चिसो लाग्नु, कपाल झर्नु, महिनाबारी गडबडी हुनु, थाइराइड, मुर्छा पर्नु, नसा झमझाउनु, शरिर पहेलो हुनु, कब्जीयत, पेट सफा नहुनु, पेट पोल्नु, खुनेको उल्टी हुनु, कालो दिसा हुनु, भोक र निद्रा नलाग्नु, चिडचिडापन हुनु बेहोसा हुनु, धेरै कुरा सोचिरहनु शास फुल्नु, मुटुको धडकन् बढ्नु चक्कर आउनु, धेरै तिर्खा लाग्नु मुटुरोग सम्बन्धी सम्पूर्ण रोगको उपचार र कुनै पनि विषालु सर्प र किराले टोकेको उपचार

***प्रत्येक दिन***

## डा. योगेश नागेंदर

MBBS, MD,DM
(Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(एंजियोप्लास्टी, एंजियोग्राफी र पेजमेकर बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो तीन बिहीबार दिउँसो २ बजेदेखि ४ बजे सम्म)

## Dr. Naresh Kumar

MBBS,MD pediatrics (KGMU, Lucknow)

***नवजात शिशु तथा बालबालिकाको सम्पूर्ण रोगको उपचार हुने***

## डा. कुलदिप सिंह खडायत

MBBS, DNS (Surgery) (जनरल सर्जन)

**शरीरमा आउने गाठागुठीको उपचार**

**उपचार हुने रोग वा समस्याहरू** : पित्तथैलीको कार्लप्लाडरको पथ्थरी, बच्चादानीको जाँच, हर्निया, एपेन्डिस, पाइल्स, भगन्दर, बाबासीर, हाइड्रोसिल, स्तनमा आएको गाठागुठीको सफल उपचार शरीरमा आउने अन्य गाठागुठीको सफल उपचार एवं अप्रेसन सुविधा र उपचारको व्यवस्था भएको ।

***प्रत्येक दिन***

## डा. हिना प्रकाश (स्त्री तथा प्रसुती रोग बिशेषज्ञ)

महिलाको पाठेघर लगायत महिला सम्बन्धी सम्पुर्ण रोगको उपचार, बच्चेदानीको दूरबीन विधिबाट अपरेशन, महिलाको पिशाब नरुक्ने तथा महिलाको कृत्रिम योनि बनाउने, उच्च कोटिको उपचार

***प्रत्येक दिन***

## नवजात शिशु एवं बालरोग सम्बन्धी उपचार

**उपचार हुने समस्याहरू :**
नवजात शिशु, बालरोग सेवा, दम रोग, पोलियो, जन्मजात अपाङ्गता, पेचिस टिभी, टाउकोको दुखाई बेबी केयर, कुपोषण, डायरिया, पिलिया, बच्चाको खोप
**डाक्टर भेटिने समय:**

***प्रत्येक दिन***

■ **आर एम एल अस्पताल नयाँ दिल्लीका वरिष्ठ डीएम न्यूरोलोजिस्ट डाक्टर अब मात्र आनन्द हस्पिटल एंड रिसर्च सेंटर खटीमामा।**

***डाक्टर भेटिने : प्रत्येक १५ दिनमा एक पटक शनिवारका दिन उपलब्ध हुने।***

## डॉ. शौकत नज़ीर वानी

MBBS, MD Medicine,
DM Neurology (RML Hospital, New Delhi),
ECFMG (United States) Certified.

***लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रुपैया पनि स्वीकार गरिन्छ ।***

***सुविधाहरू:*** ■एकदमै कम पैसाबाट दूरबीन विधिबाट सबै अपरेशनको सुविधा ।
■ नवजात शिशु एवं बाल रोग विशेषज्ञ डाक्टर नरेश कुमार भेटिने एक मात्र स्थान ।
अन्य सुविधाहरु I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर,बाईपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि।

***आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र*** *Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।*

**सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर**
**सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५**


मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः**नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७